आज मिति २०८२ जेष्ठ ८ गते बिहिबार दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालु आ.व. २०८१/०८२ को अठारौं गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

## उपस्थितिः

| क्र. सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री डवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १०. | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | निर |
| १३. | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | मान |
| १४. | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५. | गोविन्द बस्नेत | स.क.अ. | |
| १६. | शत्रु कार्की | स्वास्थ्य संयोजक | |
| १७. | राजकुमार (पर्वी) | लेखा प्रमुख | |

प्रस्तावहरू:

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।
२. ओखीडाँडा बुलडाँडा सडक स्तरोन्नती म्याद थप सम्बन्धमा ।
३. लिखु खोला लामाटार सडक स्तरोन्नती म्याद थप सम्बन्धमा ।
४. पूर्ण खोप सुनिश्चितता गा.पा. घोषणा सम्बन्धमा ।
५. व्यक्तिगत घटना पुर्णता पुरस्कृत गर्न तथा सिफारिस समिति गठन सम्बन्धमा ।
६. प्रशासनिक भवन निर्माण साझेदारी निर्णयमा रहेको रकम रकमान्तर सम्बन्धमा
७. स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा ।
८. बाख्रा प्रवर्द्धन र पोखरी प्रवर्द्धन कार्यक्रमका लागी समूह छनौट सम्बन्धमा ।
९. योजनाहरूको भुक्तानी सम्बन्धमा ।
१० सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।
११. २०८२/०८३ को नितिकार्यक्रम सम्बन्धी छलफल सम्बन्धमा
१२. [illegible] मर्मतको भुक्तानी सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ वैशाख ३० गते बसेको सत्रौं कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **ठेक्का नं. NCB/WORKS/LPKRM/2081/82-02 (जोगीडाँडा- बुँलडाँडा-गुम्बा सडक स्तरोन्नती)** का लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ ले गरेको व्यवस्था बमोजिम सम्पुर्ण खरिद प्रकृया पुरा गरी मिति २०८१ भाद्र १९ गते ठेक्का खोली २०८२ वैशाख ३० गते भित्रमा कार्य सम्पन्न गर्ने गरि श्री रिलायन्ट कन्स्ट्रक्सन, काठमाण्डौं सँग रु. ५८,०६,५९२.४६ (मु.अ.कर तथा पि.एस सहित) मा सम्झौता भई काम कार्यदेश दिईएको तर उक्त निर्माण कम्पनीले फिल्ड विवादको समस्या देखाउँदै मिति २०८१/०१/०६ गते म्याद थपका लागि कार्यालयमा पत्राचार गरेको हुँदा उक्त **जोगीडाँडा- बुँलडाँडा-गुम्बा सडक स्तरोन्नती** निर्माण सम्पन्न गर्नका लागि मिति २०८२ जेष्ठ ३० गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

३. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **ठेक्का नं. NCB/WORKS/LPKRM/2081/82-03 (लिखु खोला लाममाने सडक स्तरोन्नती)** का लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ ले गरेको व्यवस्था बमोजिम सम्पुर्ण खरिद प्रकृया पूरा गरी मिति २०८१ मंसिर ११ गते ठेक्का खोली २०८२ वैशाख ३० गते भित्रमा कार्य सम्पन्न गर्ने गरि श्री बि.पि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स, बनेपा सँग रु. १,१०,२३,३१७.४६ (मु.अ.कर तथा पि.एस सहित) मा सम्झौता भई काम कार्यदेश दिएको तर उक्त निर्माण कम्पनीले फिल्ड विवादको समस्या देखाउँदै मिति २०८१/०१/०७ गते म्याद थपका लागि कार्यालयमा पत्राचार गरेको हुँदा उक्त **लिखु खोला लाममाने सडक स्तरोन्नती** निर्माण कार्य सम्पन्न गर्नका लागि मिति २०८२ जेष्ठ ३० गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गाउँपालिका खोप समन्वय समितिको मिति २०८२/०२/०७ गतेको निर्णयानुसार यस लिखु पिके गाउँपालिकालाई पुर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा व्यक्तिगत घटना पूर्णता मापन सम्बन्धि कार्यविधि, २०८१ बमोजिम व्यक्तिगत घटना पूर्णता भएको स्थानीय तह घोषणा गर्ने प्रयोजनका लागि प्रत्येक स्थानीय तहमा अनुगमन, मूल्याङ्कन तथा सिफारिस समिति रहने व्यवस्था भएअनुसार यस लिखु पिके गाउँपालिकामा देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| क) डवाङ ल्हाक्पा शेर्पा | संयोजक |
| ख) मणिराज बस्नेत | सदस्य |
| ग) ज्ञानु कार्की | सदस्य |
| घ) राज कुमार खत्री | सदस्य |
| ङ) अमृत बहादुर बस्नेत | सदस्य सचिव |

६. निर्णय नम्बर ७ उपर छलफल गर्दा आ.व.२०८१/०८२ को बजेट विनियोजन गर्दा तपशिल बमोजिमको विविध शिर्षकमा रकम अपुग हुने गरि रकम विनियोजन भएको हुँदा निम्न बमोजिमको शिर्षकमा गाउँपालिकाको प्रशासनीक भवन निर्माण साझेदारी निशिर्षकमा विनियोजित रकमबाट रकमान्तर गरि खर्च गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | निजि शिक्षक तलब भत्ता | २७,५०,०००।- | |
| २ | करार कर्मचारी तलब भत्ता | २५,००,०००।- | |
| ३ | विपद् व्यवस्थापन कोष | १५,००,०००।- | |
| ४ | एस.ई.ई. विद्यार्थी कोचिङ कक्षा संचालन | १,५०,०००।- | |
| ५ | एस.ई.ई. विद्यार्थी प्रोत्साहन खर्च | ५०,०००।- | |
| ६ | दिर्घरोगी | ३,००,०००।- | |
| ७ | एस.ई.ई. व्यवस्थापन खर्च | ५०,०००।- | |
| ८ | सेवा परामर्श | २,००,०००।- | |
| ९ | मेलमिलाप कर्ताको सेवा सुविधा | ३,५०,०००।- | |
| १० | अवकाश प्राप्त महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन खर्च | १,५०,०००।- | |
| ११ | वडा नम्बर ४ सिंचाई | २,००,०००।- | |
| १२ | डोर हाजिरी ज्याला | २,००,०००।- | |
| १३ | ग्रामिण सडक मर्मत सम्भार | ५,००,०००।- | |
| १४ | विविध खर्च | ५,००,०००।- | |

७. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा स्थानीय पाठ्यक्रम निर्माणका गर्नका लागि नेपाल सरकारद्वारा स्वीकृत राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको व्यवस्था बमोजिम यस लिखु पिके गाउँपालिका क्षेत्र भित्रका स्थानीय विषयवस्तुको ज्ञान,क्षमता र विज्ञताको उपयोग हुने तथा सम्वन्धित सबै वडाको प्रतिनिधित्व हुने गरि स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि कार्यदल समिति गठन समेत भईसकेको हुँदा उक्त स्थानीय पाठ्यक्रम निर्माण कार्यक्रम सूचारु गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा सशर्त वित्तीय हस्तान्तरण अन्तर्गत संघबाट प्राप्त भएको याक प्रवर्द्धन कार्यक्रम र कोशी प्रदेश सशर्त अनुदान अन्तर्गतको चौरी प्रवर्द्धन कार्यक्रम गर्नका लागि गाउँपालिकाबाट प्रकाशित सूचनाका आधारमा पर्न आएका प्रस्तावना अनुसार प्राथमिकता क्रमको आधारमा तपशिल बमोजिमका समुहहरुलाई छनौट गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम | छनौट भएको समुह | रकम |
|---|---|---|---|
| १ | चौरी प्रवर्द्धन कार्यक्रम | श्री पिके मेनजुङ याक तथा चौरी पालन समुह लिखु पिके १ र ५ | रु. १५,००,०००।- |
| २ | याक प्रवर्द्धन कार्यक्रम | श्री याक प्रवर्द्धन तथा चौरी समुह लिखु पिके १ र ५ | ८,००,०००।- |

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र चालू आ.व. २०८१/०८२मा संचालन भएका तपशिल बमोजिमका आयोजनाहरुको कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदनका आधारमा उक्त आयोजनाहरुको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | आयोजनाको नाम | वडा नम्बर | कैफियत |
|---|---|---|---|
| १ | जनसेवा आ.वि. वाल निर्माण | ४ | |
| २ | डुडाटार सडक ग्याविन वाल निर्माण | ४ | |
| ३ | हिमगंगा मा.वि. वाल निर्माण तथा बाहुनमोड देखी चौलाखर्क प्रहरी चौकी सडक स्तरोन्नती | ३ | |
| ४ | डुडाटार सडक सोलिड योजना | ४ | |

१०.प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा हालसम्म भए गरेका विकास निर्माण/कार्यालयसँग सम्वन्धित गुनासा तथा समस्या एवम् सेवा प्रवाहको विषयमा तपशिलको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपशिलः

मितिः २०८२ जेष्ठ ३० गते ( शुक्रबार)

समयः बिहान ठिक ११ बजे

स्थानः लिखु पिके गाउँपालिका वडा नम्बर १ को कार्यालय साफे ।

११.प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा आ.व. २०८२/०८३ को निति तथा कार्यक्रम सम्बन्धी यस लिखु पिके गाउँपालिकाबाट काठमाण्डौमा विभिन्न पेश व्यवसाय गरेर बस्ने नागरिक हरुसँग काठमाण्डौमा उपयुक्त स्थानमा छलफल तथा अन्तरक्रिया कार्यकम संचालन गरि नागरिकहरुबाट आएका सुझावहरुलाई समेत आ.व. २०८२/०८३ को निति तथा कार्यक्रम समावेश गर्ने निर्णय गरियो ।साथै उक्त कार्यक्रममा संचालन गर्दा आवश्यक पर्ने खाना तथा खाजाको रकम सोहि स्थानको दररेट बमोजिम भुक्तानी दिने सर्वसमम्त गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा यस कार्यालयको स्वामित्वमा रहेको बा २ झ ३६८७ नम्बरको स्कर्पियो गाडीमा समस्या आई मर्मत गर्नु पर्ने भएको कुरा सवारी चालक गणेश बहादुर खत्रीले कार्यालयमा निवेदन पेश गरेको । पेश भएको निवेदनका आधारमा कार्यालयमा सूचीकृत रहेको महिन्द्र कम्पनीको आधिकारिक सर्भिसिङ सेन्टर **ELITE AUTOMOTIVES Pvt. Ltd., पिङ्गलास्थान,गौशला, काठमाण्डौलाई** स्टमेट पेश गर्नका लागि कार्यदेश दिएकोमा उक्त **ELITE AUTOMOTIVES Pvt. Ltd., पिङ्गलास्थान,गौशला, काठमाण्डौबाट रु. २,६६,०१२.६२** को स्टमेट तथा लागत अनुमान पेश बएको । सो स्टमेटको आधारमा उक्त गाडी मर्मत गरिएको हुँदा **ELITE AUTOMOTIVES Pvt. Ltd., पिङ्गलास्थान,गौशला, काठमाण्डौबाट** पेश भएको भ्याट बिलका आधारमा जम्मा रकम रु. २,६६,०१२.६२ सवारी साधन मर्मत शीर्षकबाट मर्मत कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।